स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'कमा'को छायाँन सुरु भएको छ। दाङको घोराहीबाट शुक्रबारबाट फिल्मको छायाँन सुरु भएको हो। ४० दिन दाङ र ६ दिन रुकुममा छायाँन हुने फिल्मका निर्देशक सौरभ चौधरी हुन्। विपिन कार्की, उपासना सिंह ठकुरी, मुकुन भुसाल र दिव्यदेव लगायतको अभिनय रहने मुकुन भने नेगेटिभ क्यारेक्टरमा देखिने छन्। एक्सन ड्रामा जनरामा निर्माण हुने फिल्ममा विपिन पनि एक्सन अवतारमा देखिने बताइन्छ।

आजको विचार...



पदम न्यौपाने

पाल्पाको...
(दुई पेजमा)



लामो समयदेखि चर्चामा रहेको नाम हो, 'माग्ने राजा'। दुई वर्षअघि दीपकराज गिरी र दीपाश्री निरौलाले यो नाममा फिल्म बनाउन लागेका थिए। तर, पछि यसैको स्क्रिप्टमा 'छक्कापञ्जा ४' बनाए । यद्यपि, उनीहरु ढिलोचाँडो 'माग्ने राजा' नाममा फिल्म बनाउने तयारीमै थिए । निर्माता मुनाल घिमिरेले 'छक्कापञ्जा' समूहका कलाकार केदार घिमिरे 'माग्ने बुढा'लाई मुख्य भूमिकामा लिएर 'माग्ने राजा' नाममा फिल्म बनाउने भएका छन् ।

❐ वर्ष ३० ❐ अंक १४२ ❐ २०८१ मंसिर ३० गते आइतबार 15 December 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पत्रकार महासंघ पाल्पामा नयाँ नेतृत्व

## प्रेस युनियन र चौतारीको संयुक्त प्यानल नै विजयी

कृष्ण पोखरेल

**पाल्पा,** मंसिर २९/पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ पाल्पामा नयाँ नेतृत्वको लागि निर्वाचन भएको छ । शुक्रबार तानसेनमा भएको निर्वाचनबाट नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालको संयुक्त प्यानल नै विजयी भएको छ । संयुक्त प्यानलबाट अध्यक्षमा उम्मेदवारी दिएका प्रेस चौतारीका कमलराज तिमिल्सेनाको अध्यक्षतामा महासंघको नयाँ नेतृत्व चयन भएको हो ।

यहाँ अध्यक्ष, सचिव र दलित सदस्यका लागि निर्वाचन भएको थियो । जसमा संयुक्त प्यानलतर्फका उम्मेदवार तिमिल्सेनाले कूल खसेको ६५ मत मध्ये ५२ मत ल्याई विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी प्रेस सेन्टरका कृष्ण दर्नालले ११ मत प्राप्त गरेका थिए । यसैगरी महासंघको सचिवतर्फ भएको निर्वाचनमा संयुक्त प्यानलका उम्मेदवार रामचन्द्र रायमाझीले ४९ मत प्राप्त गरी विजयी भए । उनका निकटतम प्रतिस्पर्धी स्वतन्त्र पत्रकार संघ पाल्पाका अध्यक्ष समेत रहेका भोजराज भट्टराईले १३ मत प्राप्त गरी उपविजेता बने ।

यसैगरी खुल्ला दलित सदस्यतर्फ हरिबहादुर विक निर्वाचित भएका छन् । उनले ५० मत प्राप्त गरी विजयी भए भने प्रेस सेन्टरका डोलबहादुर विकले १० मत प्राप्त गरी उपविजेता भएको निर्वाचन समितिका संयोजक तथा पत्रकार महासंघ पाल्पाका पुर्व सभापति गोविन्द भट्टराईले जानकारी दिए ।




अन्य पदमा भने यस अघि नै निर्विरोध भइसकेका छन् । महासंघको उपाध्यक्षमा खुलातर्फ मुक्तिप्रसाद न्यौपाने, महिलातर्फ बन्दना पोखरेल, सहसचिवमा खुलातर्फ दुर्गेश मल्ल, सहसचिवमा समावेशीतर्फ दानबहादुर हिस्की, कोषाध्यक्षमा विजय बौडेल निर्वाचित भएका छन् । यसैगरी सदस्यमा नेत्र गैरे, दयाराज न्यौपाने, सुनिल कार्की, दिपक ढुङ्गाना, सुशीला रेग्मी, हरिबहादुर बिक र धनबहादुर रहेका छन् ।

यसैगरी केन्द्रीय परिषद् सदस्यमा यज्ञमूर्ति तिमिल्सिना, राजेन्द्र लिगल, सीता डोटेल निर्विरोध निर्वाचित भएका छन् । यसैगरी प्रदेश परिषद् सदस्यमा कृष्णप्रसाद पोखेल, दीपक भट्टराई, इमानसिंह राना र पवित्रा घिमिरे निर्वाचित भएका छन् । निर्वाचनमा कुल ६९ जना मतदाता मध्ये ६५ जना अर्थात् ९४ दशमलव २० प्रतिशतले मतदान गरेका निर्वाचन समितिका संयोजक गोविन्द भट्टराईले जानकारी दिए ।

# आज उधौली पर्व र योमरी पुन्ही, देशभर सार्वजनिक विदा

**पाल्पा,** मंसिर २९/आज उधौली पर्व र योमरी पुन्ही विभिन्न समुदायले फरक-फरक ढंगले मनाउँदै छन् । विशेष गरी किरात समुदायको बाहुल्यता रहेका जिल्लाहरूमा उल्लासमय तरिकाले उधौली पर्व मनाईदैछ । किरात समुदायअन्तर्गतका लिम्बू जातिले यो पर्वलाई चासोक तङ्नाम अर्थात् न्वागी पर्वका रूपमा मनाउने चलन छ ।

विशेषत: पूर्वी पहाडमा बाहुल्यता रहेका राई, लिम्बू, सुनुवार र याक्खा जातिले मंसिर पूर्णिमाको दिनलाई चासोक तङ्नाम अर्थात् उधौली पर्वका नामले पुकार्दै मनाउने चलन छ । यो पर्वमा किराँत समुदायले प्रकृतिको पूजा तथा नाचगान गरेर मनाउने गर्दछन् । सिमेभूमे पूजा गर्ने दिन पनि आजै हो । अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने चलन किरात समुदायमा रहेको छ ।

भूमिपूजाका लागि बिहानैदेखि किराँत महिला तथा पुरुषहरू जातीय भेषभूषामा सजिएर च्याब्रुङ बाजाको तालमा धाननाच नाच्दै पर्व मनाउने स्थानमा पुग्छन् । यस




दिन खेतीपाती राम्रो भयो, काम सकियो, अब अन्नको सह बसोस् खाद्यान्नको अभाव नहोस् भनी भूमेस्थान र साकेलास्थानमा पूजा गरी उधौली पर्व मनाउनेपरम्परा रहेको छ । वैशाख शुक्ल पूर्णिमाका दिन गर्मी छल्न उँभो गई उभौली पर्व मनाएको किरात समुदायले आजैदेखि जाडो छल्न उँधो भर्ने भएकाले यो पर्वलाई उधौली भन्ने गरिएको सामाजिक मान्यता छ । यस्तै आजकै दिन देशभरका नेवार समुदायहरुले घर-घरमा योमरी (एक प्रकारको रोटी) पकाएर योमरी पुन्ही ( पूर्णिमा) मनाउँदै छन् । नेपाल भाषामा यो को अर्थ मनपर्ने र मरी को अर्थ रोटी हो । यस अर्थमा योमरीको अर्थ मनपर्ने रोटी हो । विशेष प्रकारले बनाइने यो रोटीभित्र चाकु र तिलको मिश्रणसहित खुवा, मुगीको लिटो राखिन्छ । यो पूर्णिमाको विशेषता नै योमरी पकाएर खानु हो । त्यसकारण यस दिन अन्य पूर्णिमा जस्तो भोज खाईदैन । बरु योमरी खाइन्छ । यो दिन नियमित जस्तो खाना खान नहुने विश्वास छ । योमरी विशेष स्वादिलो हुन्छ । योमरी विशेष आकार प्रकारमा बनाइन्छ । मलको पिठोलाई मनतातो पानी हालेर मुठ्ठी विशेष आकारमा योमरी तयार गरिन्छ । पानीको बाफबाट यसलाई उसिनेर पकाइन्छ । धेरैजसोले त्रिकोण आकारमा योमरी बनाउँछन् । वर्षको पहिलो धानको चामलबाट पिठो तयार गरी योमरी बनाइन्छ । यो पर्वका दिन नेवार समुदायमा विशेष उल्लास हुन्छ । यस क्रममा घरका महिला सबेरै उठेर नुहाउँछन् । बालबालिका यो दिन मिठोमसिनो खाएर रमाउँछन् । यो पूर्णिमा एक दिनमै सकिँदैन । पर्वको चार दिनपछि विवाहि छोरीहरूलाई बोलाएर लक्ष्मीको प्रसादको रुपमा योमरी बाँडिन्छ, भोज खुवाइन्छ । योमरीका साथ भोज खुवाउने चलन अहिले पनि नेवार समुदायमा छ । पर्वका दिन योमरी खाने, बाँड्ने र पूजा गर्ने चलन छ । यस पूर्णिमालाई धान्य पूर्णिमा पनि भनिन्छ ।त्यस्तै अन्य समुदायले पनि आजको दिनलाई विभिन्न रुपमा मनाउने गरेका छन् । थारू समुदायमा आजको दिन कुलपूजा गर्ने नयाँ ध्वजा राख्ने प्रचलन छ । थारू समुदायका बालकहरूको पहिलोपल्ट केश मुण्डन गरिदिने गरिन्छ । मगर समुदायमा आजको दिनलाई बाजा फुकाउने दिनका रूपमा मनाइन्छ ।

**बाहुन क्षेत्रीको कुलपूजा**

त्यस्तै बाहुन तथा क्षेत्री समुदायले आज कुल पूजा, गोठ पूजा, देवाली तथा न्वागी पूर्णिमाका रुपमा आज धान्यपूर्णिमा पर्व मनाउँदै छन् ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### सुडानमा विद्रोही आक्रमणमा ४५ को मृत्यु



(रासस/सिन्ह्वा)

**खार्तुम,** मंसिर २९/पश्चिमी सुडानको आवासीय छिमेक र विस्थापन शिविरहरूमा विद्रोही अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) को गोलाबारीमा कम्तीमा ४५ नागरिकको मृत्यु हुनुका साथै अन्य २८ जना घाइते भएका छन् । गोलाबारीले दक्षिणी इलाका एल फशर सहरको दक्षिणमा रहेको जम्जाम विस्थापन शिविर र उत्तरमा अबु शौक शिविरलाई निशाना बनाएको थियो । आरएसएफले आक्रमणको बारेमा अहिलेसम्म कुनै टिप्पणी जारी गरेको छैन । मे १० देखि, पश्चिमी सुडानको उत्तरी दार्फर राज्यको राजधानी एल फशरमा एसएएफ र आरएसएफ बीच भीषण झडप भएको छ । सुडान मध्य अप्रिल सन् २०२३ देखि एसएएफ र आरएसएफ बीच विनाशकारी द्वन्द्वको चपेटामा छ । अन्तर्राष्ट्रिय सङ्गठनहरूको अनुमान अनुसार सुडानमा द्वन्द्वको परिणामस्वरूप २७ हजार भन्दा बढीको मृत्यु र सुडान भित्र वा बाहिर १४ लाख भन्दा बढी मानिसहरू विस्थापित भएका छन् ।

## कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलब :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**सारा मोटर कर्प्स**

होलाङ्दी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

पा.जि.हु.द.नं. ५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सामाजिक सद्भावको पर्व उधौली

**नेपालमा मनाईने हरेक चाडपर्वको आफ्नै महत्व र सन्देश रहेको छ । उधौली पनि एक नेपाली पर्व हो । नेपाल संवत् अनुसार हरेक मसिर शुक्ल पूर्णिमाका दिन यो पर्व मनाइने गरिन्छ । यस वर्षको पर्व आज परेको छ । विशेषगरी किराँत समुदायले उधौली पर्व धुमधामसँग मनाउँछन् ।**

**जाडो मौसममा मानिस, जीवजन्तु तथा चराचुरुङ्गी लेकबाट बेँसीतिर बसाइँ सर्ने समय भएको सङ्केत गर्ने यस पर्वले प्रकृतिको सम्मान गर्दै सबै जातजातिबीच आपसी सद्भाव अभिवृद्धि गर्नुका साथै पारिवारिक, सामुदायिक र सामाजिक एकता कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । प्रकृतिसँग तादात्म्यता कायम गरी जीवन निर्वाह गर्ने अभ्यस्त किराँत समुदायले जाडो मौसम सुरु भएपछि हरेक वर्ष मसिर पूर्णिमाका दिनबाट सुरु भई १५ दिनसम्म विभिन्न क्रियाकलापका साथ उधौली पर्व मनाउने परम्परा रहेको छ । किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनको रुपमा यो पर्वलाई लिने गर्दछन् । बाली लगाउने बेलामा भने किराँत जातिमा उभौली अर्थात् यावा पर्व मनाइने चलन छ । किराँतहरुको महान चाड साकेलाको दुईवटा पर्विय पक्षहरु उगौली र उधौली हुन् । उँगो भन्नाले ठेट नेपाली शब्दमा माथि भन्ने र उँधो भन्नाले तल बुझाउँदछ । नेपाली मौलिक संस्कृतिसँग जोडिएका हरेक पर्वहरुको आ–आफ्नै सांस्कृतिक महत्व भएजस्तै यो पर्वको पनि आफ्नै महत्व रहेको हो । उधौली पर्वले नेपालका सबै ठाउँमा रहेका किराँत समुदायका जातजाति, भाषाभाषीहरुमा एकताबद्ध भई आपसी सद्भाव तथा भातृत्व अभिवृद्धि गर्न सकोस् । पर्वको सांस्कृति महत्व कायम राख्दै देशमा शान्ति र सु–व्यवस्था स्थापना गर्नका लागि उधौली पर्वले प्रेरित गर्न सकोस् सबैमा शुभकामना !**

### Opinion @ Social Network

पैसा ठूलो कि खुसी त्यो आज सम्म थाहा भएन
जति बेला जे कमि थियो त्यहीं ठुलो लाग्यो ।

***(दिपा सारुको फेसबुक स्टाटस** https://www.facebook.com/Deepa. Saru )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पाल्पाको खेलकुदमा इतिहास बनाउने अवसर




२०४५/०४६ सालसम्म पाल्पामा खेलको रौनक, आकर्षण र प्रतिष्पर्धात्मक जिल्लास्तरिय वा राष्ट्रियस्तरका प्रतियोगिताको चहलपहल व्यापक थियो । फुटबल, भलिबल लगायत खेल विधामा पाल्पाका राष्ट्रिय खेलाडीहरु समेत प्रशस्तै थिए । नेपालमा राजनीतिक परिवर्तन भएपछि मुलुकमा सबै क्षेत्रमा गतिशिलता आउँछ भन्ने कल्पना पाल्पाले पनि गरेको थियो । परिवर्तन पश्चात भने पाल्पाको खेलकुद क्षेत्र सुस्तायो । खेलकुद इतिहासमा पनि खाडल देखियो । गतिविधि झनै सुस्तायो । करिव ४ दशक पश्चात अहिले केही व्यवस्थित गर्ने र पुरानो शाख फर्काउने प्रयत्न गरिदैछ तर गहिरो निराशामा रहेको खेल अझै उठ्न सकेको देखिदैन । अहिलेसम्म यस पक्षलाई न जिल्लामा छलफलको विषय बनाइएको छ न स्थानीय तह, निकाय वा स्थानीय सरकारले सामूहिक पहल र प्राथमिकतामा पार्न सकेका छन् । यो अवस्थाले पाल्पाका खेलाडी र खेलप्रेमी अनि खेललाई आफ्नो भविष्य बनाउने अभिलाषा लिएका युवा जमातहरु निराश भए र यो क्षेत्रको आकर्षणबाट अधिकांश पलायन भएर गए । यो अवस्थाले खेलाडी उत्पादनलाई मात्र असर गरेको होइनकी समग्र पाल्पामा खेल क्षेत्र र तानसेन बजारलाई त्यसको प्रभाव परेको देखिन्छ । यति मात्र होइन पाल्पाले खेलका विविध विधामा बोकेको सम्भावना पनि खुम्चिएको छ ।

यो पृष्ठभूमिमा पाल्पाको खेलकुदको सम्भावना उजागर गर्न र पुरानो शाख एवं आकर्षण फर्काउनका लागि गर्न के सकिन्छ भन्ने जिज्ञासा उठ्नु स्वभाविक हो । यही जिज्ञासाको सेरोफेरोमा रहेर गत वर्ष जिल्लाको खेलकुद विकासका लागि खेलकुद नीति निर्माण आवश्यक छ र सोही अनुरुपको संयन्त्र निर्माणका लागि संयोजन गर्ने गरी जिल्ला खेलकुद विकास समितिले पहल गर्ने गरी एक भेला आयोजना गरिएको थियो । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक घिमिरेको पहलमा आयोजित सो छलफलले खेलकुद नीतिका लागि पहल गर्ने गरी एक प्रतिवद्ध समूह समेत गठन गर्‍यो । छलफलका क्रममा पाल्पाको खेल मध्ये गर्विलो इतिहास भएका फूटबल र भलिबल रहेको साथै व्याडमिन्टन र कराते लगायतमा पनि प्रेरणाजन्य उदाहरण भएको बारे चर्चा गरिएको थियो । यसै गरी नयाँ खेल सम्भावनामा कालिगण्डकी किनारमाबिच भलिवल र तानसेनमा साइक्लिङको पनि बढ्दो आकर्षण देखिन्छ । यसैगरी क्रिकेट एवं एथलेटिक्समा पनि ठूलो सम्भावना रहेको सन्दर्भ समेतमा चर्चा गरिएको थियो । नेपालमा पर्यटन प्रवर्द्धन र नयाँ नयाँ विकासका सम्भावनाको कुरा गर्दा खेल पर्यटनले समेत ठूलो योगदान दिन सक्ने सम्भावना औल्याइएको सन्दर्भमा पाल्पामा यो झनै सम्भावना देखिन्छ । भौगोलिक एवं प्राकृतिक तथा इतिहांस र संस्कृतिको हिसावले पाल्पा खेलकुद क्षेत्रका लागि उत्तम थलो र प्रदेशको एक मात्र बाह्रै महिना खेल आयोजना हुन सक्ने जिल्ला पनि मानिन्छ । पाल्पाका अधिकाशं पालिकामा प्रदेशस्तरिय -(तानपा र रामपुर नपामा राष्ट्रिय खेल हुन सक्ने) पुर्वाधारहरु तयार भएको, तुलनात्मक हिसावले खेल विधाका अधिकाश खेलाडी उत्पादन हुन सक्ने सम्भावना रहेको देखिन्छ । तर प्रशासनिक संरचना र अधिकारका हिसावले पालिकाहरु आफ्नै रणनीतिमा लाग्ने हुनाले जिल्लास्तरिय सोच, अवधारणा, लक्ष्य कमजोर बन्न थालेको अवस्थामा जिल्ला स्तरिय नीति बन्ने सम्भावना कमजोर बन्न थालेको देखिन्छ । यसर्थ जिल्ला खेलकुद विकास समितिद्धारा जिल्लास्तरिय खेलकुद विकास नीतिका लागि पहल गर्नुपर्ने आवश्कता देखिन्छ ।

'यस नीतिले जिल्लाको समग्र खेल निति र कार्यक्रम अनि हरेक खेलको केन्द्रीकृत सूचना प्रणालीको व्यवस्थापन गर्दै जिल्लामा हुने हरेक खेल आयोजनाको अभिलेख मात्र होइन् क्यालेण्डर समेत निर्माण गर्ने लक्ष्य लिनेछ । यही सन्दर्भमा एक अवधारणा समेत तयारपारि सोको सेरोफेरोमा रहेर अगाडि बढ्ने निर्णय समेत गरिएको थियो । विभिन्न चरणमा विभिन्न गतिविधि गर्ने गरी अवधारणा पत्रको अनुमोदन गरिएको थियो । अवधारणाले विभिन्न तिन चरणमा गतिविधिलाई विभाजन गरी प्रारम्भिक पहलमा निम्नानुसारका गतिविधि अगाडि बढाउने उल्लेख गरेको थियो ।

१) जिल्ला स्तरिय खेल विकास र प्रवर्द्धनका लागि प्रतिबद्ध समूह गठन गर्ने ।
२) प्रारम्भिक नीतिको खाका तयार पार्ने ।
३) हरेक पालिका स्तरिय, वार्ड र क्लव स्तरिय, विद्यालय स्तरिय गतिविधिको अनुमति स्विकृति एवं अभिलेखका लागि फर्मेट तयार पार्ने ।
४) हरेक पालिकाको नीति वा कार्यक्रम र प्राथमिकताको विवरण संकलन साथै विधागत खेलाडी , प्रशिक्षक, रेफ्रिहरुको विवरण पालिका, वार्ड क्लव र विदागत संघहरुबाट संकलन गर्ने ।
५) पालिका तहबाट उपलब्ध र सम्भाव्य खेल मैदान, कभर्डहलको लगत संकलन गर्ने ।

**दोश्रो चरण :**
१) सम्पूर्ण पालिकाका अध्यक्ष वा प्रमुख र खेल शाखा प्रमुख, सम्वद्ध संघहरु, अन्य खेलकुद क्षेत्रका सहयोगी संस्था, क्रियाशिल क्लवहरु, खेल सहयोगीहरु, प्रशिक्षक, रेफ्रि लगायतको सहभागितामा जिल्लास्तरिय अन्तर्क्रिया आयोजना र संकल्प र प्रतिवद्धता कायम गर्ने ।

**तेश्रो चरण :** जिल्लास्तरिय खेल निति , सम्भाव्य कार्यक्रमसहित पालिकाको निति तथा कार्यक्रममा समावेश गर्न पालिकास्तरिय बैठक र प्रवेशिकरण गर्ने ।

**चौथो चरण :** सम्भाव्य खेल क्षेत्र वा निकायका लागि पुर्वाधार विकास, एकेडेमी सञ्चालन, प्रतियोगिता सञ्चालनका लागि प्रस्ताव पेश र निरन्तर पहल गर्ने जस्ता लक्ष्य लिइएको थियो ।

अवधारणाले यसो गर्दा जिल्लाले प्राप्त गर्ने लाभ र खेल क्षेत्रमा पर्ने प्रभावको बारेमा समेत चर्चा गर्दै भनेको थियो :
१) पाल्पाको खेल विकासका लागि व्यवस्थित नीति र पहल हुनेछ ।
२) हरेक पालिकाको व्यवस्थित र प्राथमिकतामा खेल क्षेत्र पर्ने र जिल्लामा हुने ९० प्रतिशत खेल गतिविधिको अभिलेखिकरण र क्यालेण्डर बन्ने छ ।
३) राष्ट्रिय तथा प्रदेश स्तरिय खेलकालागि आकर्षण हुने र खेलाडी बृद्धि हुनेछ ।
४) आन्तरिक तथा वाह्य खेल लगानी ( पूर्वाधार विकास र इभेन्ट आयोजना) हुनेछ ।
५) नयाँ खेल गन्तव्य र विधागत खेल सम्भावनाको अध्ययन प्रारम्भ हुनेछ ।
६) खेलप्रति आकर्षण र खेलाडीको मनोवल विकास र प्रतिष्पर्धि खेलाडी उत्पादन हुने छन् ।
७) खेल पर्यटन खेल अर्थतन्त्रको विकास सम्भावनाको खोजी हुनेछ र त्यसको प्रभाव जिल्लामा पर्नेछ ।

यही अवधारणा अनुरुप जिल्ला खेलकुद विकास समिति पाल्पाको समन्वयमा एक वैठक बसेर खेल विकास प्रतिवद्ध समूह द्धारा तयार पारिएको, खेल संघहरुको विवरण संकलन फारम तयार पारिएको थियो । समितिका अनुसार सो फारम जिल्लाका सबै खेल सम्वद्ध संघ, संस्था र पालिकाहरुलाई पठाइसकिएको छ । तर हालसम्म फारमले माग गरेको सूचना उपलव्ध भएको छैन । यसबाट पनि भन्न सकिन्छ पाल्पामा रहेका दर्जनौ खेलका नाममा खोलिएका संघ संस्थाहरु सम्वद्ध खेल विकासमा प्रतिवद्ध भै लागेको देखिदैन भने पालिकाहरुले पालिका स्तरिय खेल प्रतियोगिता गर्ने बाहेक दीगो खेल विकासका लागि अवधारणा, राणनीति र कार्यनीति बनाएको देखिदैन । खेल विकास प्रतिवद्ध समूहद्धारा तयार पारिएको विवरण संकलन फारमले हरेक संघ वा संस्थासँग आफ्ना आवद्ध संस्था वा क्लवका सख्या र नामहरु :(ठेगाना र खेलाडी,प्रशिक्षक र रेफ्रि (सबैको संख्या सहित)को विवरण, हरेक पालिका र वडामा क्लव र संस्थावाट हुने - पालिका स्तरिय, क्लव स्तरिय, विद्यालय स्तरिय) गतिविधिको अनुमति वा स्वकृति लिने गरिएको छ छैन ? सो को जानकारी, हरेक पालिकाद्धारा खेल नीति वा वार्षिक कार्यक्रम तयार पारिएको छ छैन ? (पारिएको भए कुन-कुन पालिकाले बनाएका छन्) सो को जानकारी र हरेक पालिकाले खेललाई कुन प्राथमिकतामा राखेको पाइन्छ ? भन्ने धारणा समेत संकलन गर्न खोजेको थियो । यसैगरी पालिका स्तरिय, जिल्ला स्तरिय खेल प्रतियोगिता सञ्चालनकालागि योग्य वा उपयुक्त खेल मैदान, कोर्ट र स्टेडियम भएका पालिका र विद्यालयको नाम र कुन खेलका लागि उपयुक्त हुने हो सो विवरण सहित) को सूचना संकलन गर्न चाहेको देखिन्छ । त्यस्तै विद्यागत खेलका लागि कुन पालिकामा कुनकुन खेलका लागि खेल मैदान, कोर्ट, स्टेडियम आवश्यक हो र किन ? भन्ने विवरणले स्थानीय तहबाटै सम्भाव्य खेलको विकासका लागि सोच बनाएको देखिन्छ । जिल्लामा गठित धेरै संघहरु देखिने तर ती संघहरुले आफ्ना खेलाडी र खेलको विकासमा खासै अग्रसरता देखाएको देखिदैन । यसर्थ सो नीतिका लागि सूचना संकलन गर्ने फाममा संघ अर्न्तगत खेलाडीका लागि नियमित खेल अभ्यास गराउने गरिएको छ । क्लव स्तरिय, पालिका स्तरिय, जिल्ला स्तरिय र प्रदेश स्तरिय प्रतियोगितामा खेलाडीका लागि विमा गराउने गरिएको छ छैन ? भन्ने विवरण माग गरेको थियो । जिल्लाको खेल विकास नीति र रणनीति तयार पार्न विविध खेल सम्वद्ध संघहरु र संस्था एवं पालिकाहरुको समन्वय जरुरी देखिन्छ । यस कार्यका लागि जिल्ला खेलकुद विकास समितिले भूमिका निर्वाह गर्नु पर्दछ । हरेक पालिकाले केही पालिकाले खेल विकासका लागि कार्यविधि बनाएर वग्ले संयन्त्र गराई पालिका स्तरिय प्रतियोगिता गर्ने गरिएको देखिन्छ भने केहीले आफ्नै आन्तरिक संयन्त्रबाट प्रतियोगिता सञ्चालन गरेको देखिन्छ । पालिकाहरुले प्रतियोगिता सञ्चालनमा आफ्नो शक्ति प्रयोग गर्नु भन्दा नीति बनाउने कार्यमा लाग्दा विकासले गति लिन सक्ने देखिन्छ । प्रतियोगिता सञ्चालनका लागि सम्वद्ध खेल संघहरुलाई परिचालन गर्न सके संघहरुको पनि गतिविधि बढ्ने मात्र होइन नीजि क्षेत्र र पालिका बिचको सम्बन्ध पनि सुमधुर बनेर जानेछ । विकास र विकास रणनीति भनेको कुनै कार्यक्रम सञ्चालन गर्नु मात्र होइन । वातावरण, उत्प्रेरणा, उत्साह , सहयोग र भरोषा प्रदान गर्नु र सो बाट प्रभावित भई खेल प्रतियोगिता आयोजनामा निजी क्षेत्रको आकर्षण बढाउनु, पूर्वाधार विकासमा निजि लगानीका लागि प्रेरित गर्नु वा सो तर्फ रणनीतिक परिचालन गराउनुलाई विकास रणनीति भनिन्छ ।

सानो सहयोगले ठूलो श्रोत परिचालन हुनु भनेको दीगोपना हो, यही अहिलेको आवश्यकता हो । पाल्पा लुम्बिनी प्रदेशमा सबै मौसममा खेल प्रतियोगिता हुन सक्ने एक मात्र जिल्ला हो । यस पक्षलाई पाल्पाले बुझेर रणनीतिक अभियान सञ्चालन गर्ने हो, भने पाल्पाको खेल विकासमा मात्र होइन प्रदेशको खेलको मेरुदण्ड पनि बन्ने छ । यसबाट पाल्पाले धेरै खेल विधामा राष्ट्रिय स्तरका खेलाडी जन्माउने अवसर पनि पाउने छ । पाल्पाको खेल पर्यटनमा योगदान हो । नियमिति रुपमा अधिक खेल प्रतियोगिता हुने र धेरै राष्ट्रिय खेलाडी भएको जिल्ला पनि हुनेछ ।

***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय** ५४०२०१
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।
**वृष** : रमणीय र सुखद् यात्राको योग छ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।
**मिथुन** : सामाजिक कार्यमा रुचि बढ्नेछ । विद्या र बुद्धिको विकास पनि हुनेछ ।
**कर्कट** : गरेको कार्यमा सफलता मिल्ने छ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ
**सिंह** : सानातिना समस्यामा अल्झनुपर्नेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।
**कन्या** : लाभदायक यात्रा पनि रहला । कुनै कुराले मनमा शान्ति छाउनेछ ।
**तुला** : मध्यम खालको दिन छ । ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ ।
**वृश्चिक** : नयाँ शिक्षा र ज्ञान सिक्ने मौका मिल्नेछ ।
**धनु** : शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।
**मकर** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।
**कुम्भ** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।
**मीन** : एउटै कामबाट लाभ मिल्नेछ । सेयरको कारोबारमा फाइदा हुनसक्छ ।

# रायमाझीको यात्रा : बजार व्यवस्थापकदेखि महासंघको सचिवसम्म

**सीमा भट्टराई**



**पाल्पा,** मंसिर २९/पत्रकारिता क्षेत्रमा क्रियाशिल नाम हो रामचन्द्र रायमाझी । गुल्मीको इस्मा गाउँपालिका -२ रातडाँडा स्थायी घर भएका रायमाझी विगत एक दशक लामो समयदेखि पाल्पामा रहेर पत्रकारिता गर्दै आएका छन् । २०६९ मा तानसेन छिरेका उनी कान्तिपुर, अन्नपूर्ण पोष्ट, गोरखापत्र, कारोबार, हिमालयन टाइम्स जस्ता विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरुको पाल्पामा बजार व्यवस्थापकको रुपमा रहेर ५ वर्ष काम गरे ।

सोही अवधिमा छिट्टफुट्ट रुपमा भैरहवाबाट प्रकाशित लुम्बिनी साप्ताहिकमा समाचार लेख्दै आएका उनी २०७४ देखि भने पूर्ण रुपमा समाचार लेखनमै सक्रिय रहे । २०७४ देखि व्यवस्थापकको जिम्मेवारीबाट अलग भएका रायमाझी सोही वर्षदेखि पाल्पाबाट प्रकाशित यस नवजनचेतना राष्ट्रिय दैनिकमा वरिष्ठ संवाददाताका रुपमा कार्यरत रहे । ६ महिना पछि भने उनी उपसम्पादकमा नियुक्ती भए । ५ वर्ष बढी उपसम्पादकको जिम्मेवारीमा रहेर काम गरेका रायमाझी विगत केही समय यता सम्पादकको जिम्मेवारीमा छन् । लगनशिल र मेहनतका साथ काममा समर्पित उनी शुक्रबार भएको पत्रकारहरुको छाता संगठन पत्रकार महासंघ पाल्पा शाखाको निर्वाचनमा सचिवमा भारी मतले विजयी भएका छन् । निर्वाचनमा नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालको संयुक्त प्यानलबाट सचिवमा उम्मेदवारी दिएका रायमाझीले कूल खसेको मतमा ४९ मत ल्याएर विजयी भए ।

अहिले दैनिक पत्रिकाको सम्पादकदेखि संगठनका महत्वपूर्ण पदमा रहेर जिम्मेवारी पुरा गर्दै आएका रायमाझी नेपाल प्रेस युनियन पाल्पाको उपसभापति पनि हुन् । युनियनको साधारण सदस्य हुँदै सचिव, उपसभापति बने उनी संगठन र पत्रकारहरुको पक्षमा निरन्तर आफुलाई समर्पित गर्दै आएका छन् । उनले आवाजबिहिनहरुको आवाजलाई कलमको माध्यमबाट उजागर गर्नेदेखि अनियमिता, भ्रष्टाचार, सामाजिक विकृती बिसंगतिका बिरुद्ध सक्रिय रुपमा खबरदारी गर्ने र संगठनमा रहँदा समग्र पत्रकारहरुको क्षमता अभिवृद्धि तथा सुरक्षाको विषयमा सक्रिय भूमिका खेल्दै आएकै कारण छोटो समयमै महासंघको सचिव बन्न सफल भएका हुन् । अर्थशास्त्रबाट स्नाकोत्तर अध्ययन गरेका रायमाझी सचिवमा निर्वाचित भएसँगै मतदातालाई धन्यवाद दिर्दै पत्रकारहरुको आर्थिक तथा भौतिक सुरक्षा, पत्रकारहरुको क्षमता अभिवृद्धि, सञ्चारगृहहरुको समस्या पहिचान गरी दीर्घकालीन समाधान, राजनीति पूर्वाग्रहहरुलाई कम गरी पत्रकारितालाई निष्पक्ष बनाउने, श्रमजीवी पत्रकारहरुको हक अधिकार सुनिश्चित गरी लोकतान्त्रिक मुल्य र मान्यता स्थापित गर्ने, व्यवहारिक, रणनीतिक दिगो पत्रकारिता प्रवर्द्धन गर्ने दिशामा आफु सक्रिय भएर लाग्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# काँग्रेस '१०० दिने अभियान' : रामपुरमा अन्तर्क्रिया



**पाल्पा,** मंसिर २९/नेपाली काँग्रेस पाल्पाले '१०० दिने विशेष अभियान' लाई तिव्रता दिएको छ । काँग्रेसले जिल्लाका पालिका र वडा वडामा पुगेर छलफल, अन्तर्क्रिया गर्दै आएको छ । उसले सोही अभियान अन्तर्गत जिल्लाको रामपुरमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम गरेको छ । काँग्रेसले निर्वाचित जनप्रतिनिधि, उम्मेद्वार, पार्टीका नेता तथा कार्यकर्ताहरुसँग अन्तर्क्रिया गरेको हो ।

कार्यक्रमको नेपाली काँग्रेसका केन्द्रीय प्रतिनिधि तथा पूर्व मन्त्री भरत कुमार शाहले उद्घाटन गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि शाहले संगठनलाई बलियो र मजबूद बनाएर लैजान सबै तहका नेता कार्यकर्ताहरु सक्रिय भएर लाग्नुपर्ने बताए । उनले १०० दिने अभियानले पार्टी संगठनलाई थप बलियो बनाएर लैजान महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले निरन्तर जनताको माझमा गएर संगठनसँगै विकासका लागि मेहेनत गरेमा सफलता प्राप्त गर्न सकिने धारणा व्यक्त गरे । नेता शाहाले एकले अर्कोलाई गाली गर्ने नभई आफ्नो तर्फबाट राम्रो गर्न सकेमा तल्लो तहबाट माथिल्लो तहमा स्थान हासिल गर्न सकिने बताए । उनले विगतको तुलनामा विकासले गति लिए पनि व्यवस्थित रुपमा शासन व्यवस्था सञ्चालन हुन नसकेको उल्लेख गरे । शाहाले पार्टीका कार्यकर्ताहरूलाई ढुक्क भएर पार्टीले गरेका विकास निर्माण र योगदानको प्रचार-प्रसार गर्दै जनतामाझ जान आग्रह गरे । नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले संगठनलाई मजबुत बनाउन वडा टोलसम्मै अभियानलाई तिव्रता दिइएको बताए । उनले जनतामाझ पुगेर पार्टीले गरेका काम र योजनाका बारेमा बुझाउन आवश्यक रहेको औल्याउदै त्यसका लागि आफुहरु १०० दिने अभियान लिएर हिडेको उल्लेख गरे । काँग्रेस लुम्बिनी प्रदेश सदस्य विष्णु माया ढकालले जनताको भावना अनुसार अघि बढ्न आवश्यक रहेको बताइन् । काँग्रेसका महासमिति सदस्य एवं रामपुर नगर प्रमुख रमणबहादुर थापाले हालसम्म भएका विकास निर्माणको अवस्था र संगठनको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा १० वटै वडाका वडा सभापतिहरुले संगठनिक प्रतिवेदन पेश गरेका थिए । काँग्रेस जिल्ला सचिव एवं १०० दिने अभियानका रामपुर संयोजक सन्तोष थापाले कार्यक्रमको उद्देश्यमाथि जानकारी गराएका थिए । कांग्रेस रामपुर नगरका सभापति नेत्र प्रसाद भट्टराईको अध्यक्षता,उपसभापति क्याप्टेन देव बहादुर थापा मश्राद्रीको स्वागत, अर्का उपसभापति ज्ञानप्रसाद भण्डारीको धन्यवाद ज्ञापन, सचिव ओम प्रकाश बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# काठमाडौले पोखरालाई हरायो



**काठमाडौं,** मंसिर २९/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा काठमाण्डौ गुर्खाजले पोखरा एभेन्जर्सलाई ६ विकेटले हराएको छ । पोखराले दिएको १ सय ३९ रनको लक्ष्य काठमाण्डौले १४ ओभर १ बलमा ४ विकेट गुमाएर भेटायो । काठमाण्डौका स्टेफेन इस्किनाजीले ६०, माइकल लेभिटले ३२ रन बनाए । पोखराका विपिन खत्रीले ३ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको पोखराले २० ओभरमा ८ विकेट गुमाएर १ सय ३८ रन बनायो । पोखराका रेमोन रेफेरले नटआउट ४१, दिनेश खरेलले ३८ रन बनाए । काठमाण्डौका कप्तान करण केसी र रशिद खानले ३/३ विकेट लिए । यो जीतसँगै काठमाण्डौले प्लेअफको सम्भावना बलियो बनाएको छ । काठमाण्डौ ६ खेलमा ६ अङ्कसहित तालिकाको पाँचौं स्थानमा उक्लिएको छ । पोखरा ६ खेलमा ४ अङ्कसहित सातौं स्थानमा छ । एनपीएलमा आजको दोस्रो खेलमा जनकपुर बोल्ट्स र चितवन राइनोज खेल्दैछन् । जनकपुर बोल्ट्स एक खेलअघि नै क्वालिफायरमा पुगिसकेको छ । चितवन पनि क्वालिफायर पुग्ने सम्भावना कायमै छ । चितवन ६ खेलमा ६ अङ्कसहित चौथो स्थानमा छ ।

## आज उधौली...

...मंसिरमा धान भित्र्याएपछि आजको दिन धान, गणेश, कुलदेवता, गैडु देवता, गोठ देवता, महारुङ्ग, महालक्ष्मीलगायत देवताको पूजा गर्ने गरिन्छ । नयाँ भित्रिएको धान कुटेर चामल बनाउने त्यसबाट पीठो पिँधेर सेल, बाबर, पुरी मालपुवा बनाएर चढाउने परम्परा छ । यसअघि अन्नप्राशन नगरेकाले आजै अन्नप्राशन गर्नुपर्ने धार्मिक मान्यता छ । योमरी पुन्ही: र उधौली पर्वका अवसरमा सरकारले सम्बन्धित समुदायका लागि सार्वजनिक विदा समेत दिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# रानीमहल सहकारीले मनायो १६ औँ साधारण



**पाल्पा,** मंसिर २९/रानीमहल बचत तथा ऋण सहकारी संस्था लिमिटेड तानसेनले १६ औं वार्षिक साधारण शनिबार मनाएको छ । सहकारीले एक औपचारिक कार्यक्रमको आयोजना गरी सभा गरेको हो ।

सभामा संस्थाका अध्यक्ष भूगोलप्रसाद वैजु श्रेष्ठले वार्षिक गतिविधि सार्वजनिक गर्दै आगामी वर्षका भावी योजनाहरू प्रस्तुत गरे । कार्यक्रममा लेखा समितिका संयोजक रविमोहन श्रेष्ठले आर्थिक कारोबार सम्बन्धी लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाको आर्थिक वर्ष २०८०/८१ मा सेयरपुँजीतर्फ १ करोड ३६ लाख ८१ हजार २ सय, बचततर्फ ९ करोड ९० लाख ९१ हजार २ सय ९९ रहेको छ । यसैगरी संस्थाले गत आर्थिक वर्षमा १ लाख ६४ हजार ३ सय ४८ खुद मुनाफा गरेको छ । संस्थाले सेयर सदस्यबाट सुत्केरी भएका पाँचजना सेयर सदस्यहरूलाई पौष्टिक आहारको लागि चार /चार हजारका दरले रकम प्रदान गरेको छ । यसैगरी बिरामी भएका दुईजना सेयर सदस्यहरूलाई पाँच/पाँच हजारका दरले नगद उपचार खर्च प्रदान गरेको छ भने मुत्यु भएका दुई जना सेयर सदस्यहरूको लागि अन्तिम संस्कारको लागि १० हजार ५ सयका दरले क्रिया खर्च उपलब्ध गराएको छ । वार्षिक साधारण सभाको अवसरमा ७० वर्षभन्दा माथिका सबै जेष्ठ नागरिक बचतकर्ताहरुलाई नगद रकमले सम्मान गरेको छ । संस्थामा नियमित शैक्षिक बालबचतकर्ताहरुलाई विभिन्न उपहारसहित सम्मान गरेको छ । संस्थाले शैक्षिक बाल बचतकर्ताहरूलाई पनि सम्मान गरेको छ । यसैगरी संस्थाले असल बचतकर्ता असल ऋणीलाई सम्मान गरेको छ । संस्थाले अबका दिनमा सबै सेयर सदस्यहरूको लगानी बराबर बनाउने सेयर सदस्यहरुलाई बलियो आत्मनिर्भर बनाउनको लागि सामुहिक रुपमा लगानी गर्ने १० जना शेयर सदस्यहरुको समुहलाई ब्याजमा एक प्रतिशत र विभिन्न सेवा शुल्कमा छुट दिने, आवश्यक पर्ने घरायसी सरसमानहरू किस्ताबन्दीमा समेत उपलब्ध गराउने निर्णय गरेको छ । सेयर सदस्यहरूलाई पानी बिजुली टेलिफोन जस्ता कार्यालयमा समेत महसुल तिरिदिने व्यवस्था मिलाएको छ । संस्थाका कुनै पनि सेयर सदस्यहरू बिरामी भई रगतको आवश्यकता परेमा संस्थाले सहजीकरण गर्ने निर्णय गरेको छ । कुनै पनि सेयर सदस्य मृत्यु भई घाट लैजानुपर्ने अवस्था भएमा सर्वसुलभ रुपमा गाडीको व्यवस्था समेत संस्थाले गरिदिने निर्णय गरेको छ । साधारण सभालाई सम्बोधन गर्दै जिल्ला बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष होमनाथ न्यौपानेले सहकारीको मुख्य काम भनेको एक आपसमा सहकार्य गरेर शेयर सदस्यको हितमा काम गर्ने निती रानीमहल सहकारीले लिएको बताए । बचत तथा ऋण सहकारीको लागि त असल ऋणी र असल बचतकर्ता नै सहकारीको भविष्यको आधार भएको उपाध्यक्ष न्यौपानेको भनाई छ । कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश परिषद सदस्य कृष्ण पोखरेलले संस्थाले शेयर सदस्यको हक हितमा केन्द्रित गरेर अन्य सहकारीलाई पनि बाटो देखाउने काम गरेको बताए । कार्यक्रममा कोषाध्यक्ष किशोरदर्शन बज्राचार्यले संस्थाको आय व्यय विवरण पेश गरेका थिए । संस्थाका अध्यक्ष भुगोल वैजु श्रेष्ठको अध्यक्षता,सचिव सोवाकान्त न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।


# जाडो मौसममा चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई